रूवी भ्याली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश, नेपाल

## श्रेणी विहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७९

**प्रतिवेदक:**

नेपाल ईन्जिनियरीङ्ग रिसर्च एण्ड एड्मिनिस्ट्रेटिभ कन्सल्टेन्सी सेन्टर प्रा. लि.

कलंकी, काठमाडौं

## रुवी भ्याली गाउँपालिकाको श्रेणी विहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७९

**प्रस्तावना**

रुवीभ्याली गाउँपालिका वा अन्तर्गतका वडा कार्यालय र अन्तरगत निकायहरुमा दैनिक कार्य सञ्चालनका लागि अति आवश्यक श्रेणीविहिन कर्मचारी सवारी चालक, कार्यालय सहयोगी वा विल्डिङ इलेक्ट्रीसियन पदमा करार सेवामा कर्मचारी भर्ना गरि कार्य सञ्चालन गर्ने प्रयोजनका लागि रुवी भ्याली गाउँपालिका गाउँ कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरि लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस मापदण्डको नाम "श्रेणीविहिन जनशक्ति छनौट सम्वन्धि मापदण्ड २०७९" रहेको छ ।

(ख) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "सवारी चालक" भन्नाले हलुका सवारी चालक, भारी सवारी चालक, एम्वुलेन्स चालक, व्याक हो लोडर चालक र एक्साभेटर चालकलाई बुझाउने छ ।

(ख) "कार्यालय सहयोगी" भन्नाले गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु अन्य विषयगत कार्यालयहरु, शाखा, इकाई, स्वास्थ्य चौकी तथा ग्रामीण अस्पतालमा रहने कार्यालय सहयोगीको काम गर्ने व्यक्तिलाई बुझाउने छ ।

(ग) "विल्डिङ इलेक्ट्रिसियन" भन्नाले गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु अन्य विषयगत शाखाहरु, शाखा, इकाई, स्वास्थ्य चौकी तथा ग्रामीण अस्पताल भवनहरुमा विद्युत सप्लाई सम्वन्धि काम गर्ने व्यक्तिलाई बुझाउनेछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र निजको अनुस्पस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने कर्मचारीलाई समेत बुझाउने छ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले दफा ७ बमोजिमको पदपुर्ति समितिलाई बुझाउनेछ ।

(च) "गाउँपालिका" भन्नाले रुवीभ्याली गाउँपालिकालाई बुझाउनेछ ।

(छ) "वडा कार्यालय" भन्नाले रुवी भ्याली गाउँपालिका वा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई बुझाउनेछ ।

(ज) "अन्तर्गत निकाय" भन्नाले स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा जस्ता यस गाउँपालिका अन्तर्गतका निकायलाई जनाउनेछ ।

(झ) "जनशक्ति" भन्नाले सवारी चालक, कार्यालय सहयोगी, बिल्डिङ इलेक्ट्रिसियन पदलाई बुझाउनेछ ।

## परिच्छेद २

## श्रेणीविहिन कर्मचारी पदपूर्ति

३. करारमा पदपूर्तिः गाउँपालिका वडा कार्यालय र अन्तर्गत निकायमा रहने रिक्त सवारीचालक कार्यालय सहयोगी र बिल्डिङ इलेक्ट्रिसियनका पदहरुमा आवश्यकता अनुसार प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा कर्मचारी छनौट गरि पदपूर्ति गरिने छ ।

४. न्युनतम योग्यताः करार सेवामा लिइने जनशक्तिका लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

(१) सवारी चालक पदका लागि

- (क) नेपाली नागरिकताको प्रमाणपत्र ।
- (ख) साधारण लेखपढ गर्न जानेको ।
- (ग) कार्यानुभव भएको ।
- (घ) सम्बन्धित पदका लागि आवश्यक सवारी चालक अनुमति पत्र भएको ।
- (ङ) २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

(२) कार्यालय सहयोगी पदका लागि

- (क) नेपाली नागरिकताको प्रमाणपत्र ।
- (ख) साधारण लेखपढ गर्ने जानेको ।
- (ग) कार्यानुभव भएको ।
- (घ) १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

(३) बिल्डिङ इलेक्ट्रिसियन पदका लागि

- क) नेपाली नागरिकताको प्रमाणपत्र ।
- (ख) कक्षा १० उतीर्ण ।
- (ग) कार्यानुभव भएको ।

(घ) १८ बर्ष पूरा भै ४५ बर्ष ननाघेको ।

(ङ) सिटिइभिटि वा मान्यताप्रास संस्थाबाट विल्डिङ इलेक्ट्रीसियनमा लेभल १ तह उत्तिर्ण गरेको प्रमाणपत्र ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

**५. दरखास्त आव्हानः** (१)गाउँपालिकाकाले बढीमा १५ दिनको समय सिमा तोकी पदपुर्ति समितिले निर्धारण गरेको ढाँचामा दरखास्त आव्हान गर्नेछ ।

(२) दरखास्त आव्हानको सूचना गाउँपालिकाको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

(३) दरखास्त फाराम सवारी चालक र विल्डिङ इलेक्ट्रिसियनको हकमा ५००। र कार्यालय सहयोगीको हकमा रु ३००। गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको भौचर दरखास्तसँगै पेश गर्नु पर्नेछ ।

**६. प्रतियोगितात्मक जाँचको अंक विभाजनः** जनशक्ति छनौटको गर्दा देहाय अनुसारको अङ्क प्रदान गरिनेछ ।

(१) सवारी चालक/विल्डिङ इलेक्ट्रिसियन पदको लागि

(क) स्थानीय बासिन्दा बावत- १० अङ्क

(ख) सीप परिक्षण - १० अङ्क

(ग) अनुभव - १० अङ्क

## परिच्छेद ४
## पदपुर्ति समिति

७. (१) श्रेणीविहिन जनशक्ति छनौट गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत- संयोजक

(ख) प्राविधिक शाखा/स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ग) प्रशासन शाखा- सदस्य

(२) पदपुर्ति समितिले आवश्यकता अनुसार सवारी चालक, विल्डिङ ईलक्ट्रिसियन र कार्यालय सहयोगी पदको विज्ञापन गरि पदपुर्ति गरिनेछ ।

(३) पदपुर्ति समितिले यस मापदण्ड बमोजिम पदपुर्ति गर्न योग्यता क्रम निर्धारण गरि अन्तिम योग्यता क्रमको सूची प्रकाशन गर्नेछ ।

(४) पदपुर्ति समितिले अन्तिम योग्यता क्रमको सूचिमा परेका उमेद्वारहरुसँग करार सम्झौता गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(५) अन्तिम योग्यता क्रम तयार गर्दा बराबर अङ्क आएमा उमेद्वारहरुको उमेरको ज्येष्ठताका आधारमा क्रम निर्धारण गरिनेछ ।

(६) उपदफा (५) बमोजिम बराबर अङ्क पाउने उम्मेद्वारहरु महिला पुरुष परेमा महिला उम्मेदवारको पहिलो प्राथमिकता निर्धारण गरिनेछ ।

(७) श्रेणी विहिन कर्मचारी छनौट गर्दा आवश्यकता अनुसार वैकल्पिक सूचि समेत प्रकाशित गर्नेछ ।

## परिच्छेद ५

## विविध

८. (१) यस मापदण्ड बमोजिम पदपुर्ती गर्दा कानुनी रुपमा बाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउन गाउँपालिका अध्यक्ष समक्ष प्रस्तुत गरि निकासा गराउन सकिनेछ ।

(२) रुवीभ्याली गाउँपालिकामा कार्यरत व्यक्तिको हकमा उमेरको हद लागु हुनेछैन ।

(३) अन्तरवार्ता समितिको काम पदपुर्ति समितले गर्नेछ ।